उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा

**बिउ आलु भण्डारणको लागि कोल्ड स्टोर शुल्कमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९**
**(उत्तरगया गाँउकार्यपालिकाको मिति २०७९/१२/१९ गतेको निर्णयबाट स्वीकृत)**

**पृष्ठभूमि**

खाद्य सुरक्षाको हिसाबले आलुलाई महत्वपूर्ण बालीको रूपमा मानिन्छ । गाउँपालिकामा उच्च पहाड़ी क्षेत्रमा आलुलाई खाद्य बालीको रूपमा लिइने गरिन्छ भने तल्लो भुभागमा तरकारीको रुपमा प्रयोग गर्ने गरिन्छ। हाल आएर यातायातको पहुँच भएका स्थानहरुमा आलु खेती प्रति कृषकहरुको आकर्षण बढ्दै गएको छ। आलु खेतीको विकास तथा विस्तारमा आइपर्ने समस्याहरु मध्ये बीउ भण्डारण पनि एक हो । अन्न भण्डारणको तुलनामा आलु भण्डारणमा बढी नोक्सान हुने पाइएको छ । करीब ७-८ महिनाको भण्डारण अवधिमा २०-३० प्रतिशत सम्म आलु नोक्सान हुन सक्छ । आलु खेतीमा बीउको लागि धेरै खर्च लाग्ने, बीउ आलु महंगो हुने, समयमा ठाउँ सुहाँउदो जातका बीउ आलु पाउन गाह्रो हुने र आलु खेतीमा बीउ आलु नै रोगको मुख्य श्रोत हुनसक्ने आदि कारणहरूले गर्दा यस खेतीबाट सफलता पाउन आलु खेती गर्ने कृषकले आलु भण्डारण सम्बन्धी ज्ञानको साथै आफूलाई आवश्यक मात्रामा राम्रो स्वस्थ बीउ भण्डारण गर्न सकेमा यस खेतीबाट धेरै फाइदा लिन सकिन्छ । बीउ आलु भण्डारण गर्नको लागि हल्का मधुरो प्रकाश तथा हावाको संचारको समुचित प्रबन्ध गरी समुद्री सतहबाट २००० मीटर भन्दा बढी उचाई रहेका वा उत्तर तर्फ मोहडा भएका राम्ररी हावा चल्ने स्थानहरूको हकमा समुद्री सतहबाट १५०० मीटर देखि २००० मीटर उचाई रहेका मध्य पहाडी तथा उच्च पहाड़ी क्षेत्रहरुमा रष्ट्रिक स्टोर निर्माण लागत तथा निर्माणपछिको संचालन खर्चका हिसाबले समेत उपयुक्त हुने देखिन्छ भने तल्लो भुभागको लागी शित भण्डारणमा बिउ आलुको भण्डारण गर्न आवश्यक छ । यसर्थ कृषकहरूलाई सुरक्षित भण्डारणको माध्यमबाट सरल र सुलभ तरिकाबाट गुणस्तरीय आलुको बीउ उपलब्ध गराई आलुको उत्पादन र उत्पादकत्व बढाउन, आयात घटाउनको लागि र बिउ आलुमा किसानहरु स्वयम आत्मनिर्भर हुनका लागि कोल्ड स्टोर भण्डारणमा अनुदान कार्यक्रम संचालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ की उपदफा (१) ज ले दिएको अधिकार प्रयोग गरी गाँउकार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

**परिच्छेद १**
**(प्रारम्भिक)**

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम " बिउ आलु भण्डारणको लागि कोल्ड स्टोर शुल्कमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९ " रहेको छ ।

(२) यो कार्यविधि गाँउकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुने छ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) कोल्ड स्टोर भन्नाले प्राविधिक रुपमा तापक्रम आद्रता र ग्यासको समुचित मात्रा मिलाइ लामो समयसम्म भण्डारणका लागी बनाएको घर सम्झनु पर्दछ ।

(२) कार्यपालिका भन्नाले उत्तरगया गाँउकार्यपालिका सम्झनु पर्दछ ।

(३) समुह भन्नाले नेपाल सरकारका जिल्लास्थित निकाय तथा स्थानीय तहमा दर्ता भएको कृषक समूह सम्झनु पर्दछ ।



माधवप्रसाद अर्याल
अध्यक्ष

(४) सहकारी संस्था भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सहकारी संस्था वा बहुउदेश्यीय सहकारी संस्था सम्झनु पर्दछ ।

३. उद्देश्य

(१) बीउ आलुको उत्पादनमा किसान स्वयमलाइ आत्मनिर्भर बनाउने ।

(२) बीउ आलुको सुरक्षित भण्डारण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने ।

(३) सरल र सुलभ तरिकाबाट गुणस्तरीय आलुको बीउ उपलब्ध गराउने ।

(४) आलुको उत्पादन र उत्पादकत्व बढाई आयात घटाउने ।

## परिच्छेद २
## कार्यक्रम संचालन सम्बन्धि व्यवस्था

४. कार्यक्रम संचालन प्रक्रिया

१) सुचना प्रवाह : गाँउपालिकाले कार्यक्रम सञ्चालन गर्न कम्तिमा १० दिनको सूचना प्रवाह गराउनु पर्नेछ ।

(२) निवेदन/ प्रस्ताव : उपर्युक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रम कार्यान्वयनको लागि समूह/सहकारी संस्थाबाट निवेदन गाँउपालिकामा दर्ता गराउनु पर्नेछ र निवेदन साथ सम्बन्धित वडाको सिफारिश पत्र अनिवार्य पेश हुनुपर्नेछ ।

(३) स्वघोषणा कार्यक्रम मागको निवेदन दर्ता गराउँदा सहकारी संस्था समुहहरुको तर्फबाट कार्यक्रम माग गरेकै कामको लागि दोहोरिने गरी अन्य कुनै पनि निकायबाट अनुदान माग नगरेको स्वघोषणा समेत संलग्न गर्नु पर्नेछ ।

(४) कार्यक्रम छनौटका आधारहरु :

कार्यक्रम छनौटका आधारहरु तपसिल अनुसार हुनेछन् ।

(१) आलु उत्पादन क्षेत्रको व्यापकता

(२) संस्थाको सक्रियता तथा सवलता

(३) समावेशिता

(४) वित्तीय सहभागिता

(५) कार्यक्रमको आवश्यकता तथा प्राथमिकता

(५) छनौट प्रक्रियाः गाउँपालिकाले बिउ आलु भण्डारणको लागि कोल्ड स्टोर शुल्कमा अनुदान कार्यक्रम संचालन कार्यक्रम बारे माग भई आएका निवेदनहरु कार्यविधिको दफा ४ बमोजिमका आधारहरुको अधिनमा रही प्रारम्भिक छनौट गरी प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नु पर्नेछ । कार्यक्रमको लागी पेश भएका आवेदनहरुबाट एउटा मात्र आवेदन छनोट गरिनेछ र आवेदन छनोट भएको समुह वा सहकारीले समग्र गाउँपालिकाबाट शित भण्डार गृहमा भण्डारण गरेको बिउ आलु को भण्डारण शुल्कलाइ बजेटको परिधिमा रहेर समेट्नुपर्दछ । कार्यक्रम सञ्चालनका लागी एउटामात्र सस्थाको आवेदन परेमा उक्त संस्थालाइ दफा ४ बमोजिमका आधारहरु पुगेमा छनोट गर्न बाधा पुग्ने छैन ।

(६) लागत सहभागिता : यस कार्यक्रम संचालनमा सहकारी वा समुहले किसानहरुको बिउ आलुको भण्डारण गृह सम्मको ढुवानी लागत सस्था स्वयम वा लाभग्राही किसान मार्फत गर्नुपर्नेछ । गाउँपालिकाले भण्डारण शुल्कको



माधवप्रसाद अर्याल
अध्यक्ष

मात्र भुक्तानी सहकारी वा समुहलाइ सोधभर्ना गर्नेछ । समूह वा सहकारीले विनियोजित बजेटको परिधिमा रही समान अनुपातका आधारमा किसानको आलु भण्डारण गर्नुपर्नेछ ।

(७) कार्यसम्पन्न प्रतिवेदन : सम्बन्धित सहकारी वा समुहले कार्यसम्पन्न पछि सम्बन्धित वडाको वडाध्यक्षबाट सिफारिसका साथ कार्यसम्पन्न प्रतिवेदनको तयार गरी पेश गर्नुपर्नेछ ।

## परिच्छेद ३

## अनुगमन तथा विविध

(८) अनुगमन : गाउँपालिकाबाट नियमित अनुगमन हुनेछ ।

(९) प्रचलित कानून लागु हुने : कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

(१०) बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन)

(१)कार्यविधि कार्यान्वयनका सन्दर्भमा उत्तरगया गाँउकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यन्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा उत्तरगया गाँउकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार उत्तरगया गाँउकार्यपालिकाले खारेजी वा संशोधन गर्न सक्नेछ ।

माधवप्रसाद अर्याल
अध्यक्ष

माधवप्रसाद अर्याल

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

अनुसूची १

**बिउ आलु भण्डारणको लागि कोल्ड स्टोर शुल्कमा अनुदान कार्यक्रमका लागि निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

उत्तरगया गाउँपालिका

रसुवा

विषयः बिउ आलु भण्डारणको लागि कोल्ड स्टोर शुल्कमा अनुदान सहयोगको लागि आवेदन पेश गरीएको बारे ।

प्रस्तुत विषयमा रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं....... मा अवस्थित ....................................................................................... कृषक समुह / सहकारी सस्थाले बिउ आलुको भण्डारणको लागि कोल्ड स्टोर शुल्कमा अनुदान कार्यक्रमका लागि बिउ आलु भण्डारणको लागि कोल्ड स्टोर शुल्कमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९ बमोजिम कार्यक्रम प्रस्ताव ,आवश्यक कागजातहरु र स्वघोषणा सहित यो निवेदन पेश गरिएको छ ।

स्वघोषणाः हामीले माग गरेको यस कार्यक्रमका लागि दोहोरिने गरी अन्य कुनै पनि निकायसँग अनुदान रकम माग गरेका छैनौं ।

तपसिलः

(१) कृषक समूह/ कृषि सहकारी संस्थाको प्रमाण पत्रको प्रतिलिपी

(२) आवेदक समूह भएमा दर्ता प्रमाण पत्र (नविवरण सहित, स्थायी लेखा नं. (PAN No.) र सहकारी संस्था भए कानुन बमोजिम दर्ता भएको दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. र कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.को लेखा परीक्षण प्रतिवेदन

(३) कृषक समुह वा कृषि सहकारी सस्थाको बैठकको प्रतिलिपि

(४) सम्बन्धित वडाको सिफारिश

निवेदक

कृषि सहकारी संस्था/ कृषक समूहका अध्यक्ष प्रतिनिधिको नामः हस्ताक्षरः

मितिः

सस्थाको छाप

माधवप्रसाद अर्याल
अध्यक्ष

## अनुसूची २

### बिउ आलु भण्डारणको लागि कोल्ड स्टोर शुल्कमा अनुदान कार्यक्रम सम्बन्धी सम्झौता पत्र (नमुना)

(१) यो सम्झौता पत्र उत्तरगया गाँउपालिका (यसपछि पहिलो पक्ष भनिने ) र........................................................सहकारी संस्था वा कृषक समूह (यसपछि दोश्रो पक्ष भनिने) बीच बिउ आलु भण्डारणको कोल्ड स्टोर शुल्कमा अनुदान लागि कार्यक्रमको प्रयोजनको लागि प्रयोग गरिनेछ।

(२) यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिने छ ।

(३) बिउ आलु भण्डारणको कोल्ड स्टोरसम्मको ढुवानी र बिउ निकालेपछीको ढुवानी कार्य दोश्रो पक्ष वा किसानले आफै गर्नुपर्नेछ ।

(४) दोस्रो पक्षले गाउँपालिकाबाट आगामी बर्ष बिउ प्रयोजनको लागि भण्डारण गरेका सबै किसानलाई समेट्नु पर्दछ ।

(५) प्रस्ताव अनुसारको कार्य सञ्चालन गर्न आयोजनाको कुल रकम मध्ये ढुवानी बापतको रकम दोश्रो पक्षले व्यहोर्ने र पहिलो पक्षले रु. ...................मात्र अनुदान स्वरुप उपलब्ध गराउने छ ।

(६) अनुदान भुक्तानी गर्दा सम्बन्धित वडाबाट कामको मूल्याङ्कन किसानको रुजु र कार्यसम्पन्न सिफारिसका आधारमा रकम भुक्तानी गरिनेछ।

(७) दोस्रो पक्षले काम गर्दा पहिलो पक्षबाट खटिएका प्राविधिकहरूले दिएको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

(८) यो सम्झौता पत्रमा उल्लेख भएका कुराहरुमा बिउ आलु भण्डारणको लागि कोल्ड स्टोर शुल्कमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९ बमोजिम र अन्य कुराहरुमा प्रचलित कानुन अनुसार हुनेछ ।

प्रथम पक्षको तर्फबाट

नाम

पद

दस्तखत

दोस्रो पक्षको तर्फबाट

नाम

पद

दस्तखत

माधवप्रसाद अर्याल
अध्यक्ष